# Mahalaxmi Garments Industries

(READYMADE GARMENTS MANUFACTURING & EXPORTERS)

**ADDRESS :**
Narsingh Kunj
Naxal Devi Marg
Gyaneshwor
Post box: 4206
Kathmandu/Nepal
Email: mgigroup@innani.com
Tel no. 977-1-4420756
Tel Fax: 977-1-4422707
Website: www.mgigroup.com.np

**FACTORY :**
Tahachal
Opp.hotel Soltee
Post box: 4206
Kathmandu / Nepal
Tel no. 977-1-4273733
977-1-4273714
Tel Fax. 977-1-4274134
९८४११०६६४०

ॐ श्री गणेशाय नम :

**अत्यन्त जरुरी**

मिति–२०६६/०२/१२

मानननीय अर्थमन्त्री
**श्री सुरेन्द्र प्रसाद पाण्डेज्यू ,**
अर्थ मन्त्रालय ,
नेपाल सरकार ,
सिंहदरबार, काठमाडौं ।

2066/2/13

नेपाल सरकार
अर्थ मन्त्रालय

विषय : रा. बा. बैंक विशाल बजार काठमाडौं शाखाले रा. बा. बैंक केन्द्रिय कार्यालयलाई मिति २०५८/०५/२९ मा लेखेको पत्र सं. एल.सी. ३७/१५९ को अनुसार यस उद्योगको साबिक बमोजिम कारोबार खोली पाँउ तथा रा. बा. बैंकबाट यस उद्योगका सम्पत्तिहरुको गलत प्रकृयाबाट भएको लिलामी सहित सबै गैरकानुनी काम कारवाही खारेज गरी आवश्यक कारवाही गरी सच्चाई पाँउ भन्ने सम्बन्धमा ।

महोदयज्यू ,

उपरोक्त सम्बन्धमा यस उद्योगले व्यवस्थापिका संसद , सार्वजनिक लेखा समिति , नेपाल सरकारमा रा. बा. बैंकबाट भएको अनियमता विरुद्ध कारवाही तथा यस उद्योगको साविक बमोजिम कारोबार खोली पाऊँ सम्बन्धमा दिएको उजुरी उपर आवश्यक कारवाहीको लागि सा. ले. समिति. ले रा. बा. बैंकलाई यस सम्बन्धमा " के भएको हो ? आवश्यक कारवाही गरी जानकारी पठाइदिने " भनी लेखेको पत्रहरुको सम्बन्धमा सार्वजनिक लेखा समितिमा रा. बा. बैंकले आफ्नो अनियमता र गैरकानुनी कार्यलाई ढाकछोप गर्ने उद्धेश्यले अहिलेसम्म जवाफ नदिएको जानकारी गराउन चाहन्छु । साथै यस उद्योगले नेपाल राष्ट्र बैंकमा पेश गरेको निवेदन उपर नेपाल राष्ट्र बैंकका माननीय गर्भनरज्यूबाट नेपाल राष्ट्र बैंकको नियमन विभागलाई समेत यस सम्बन्धमा आवश्यक कारवाहीको लागि निर्देशन जारी भइसकेको जानकारी माननीय अर्थमन्त्रीज्यूलाई अवगत गराउन चाहन्छु ।

उद्योगले तयारी पोशाक निकासी व्यापारमा सधैं अग्रणी स्थानमा रहँदै आएको र यसरी एक प्रतिष्ठित नेपाल भरिकै सबैभन्दा बढी तयारी पोशाक निर्यात गर्ने मेरो उद्योग महालक्ष्मी गार्मेन्टस को कारोवार जुन आफ्नो स्वीकृत सीमा भित्र साँवा र ब्याज लाई व्यवस्थित राखी मात्रै २०५६/५७ मा **US$ 51,97,046.96** को निर्यात गरेको र साथै उद्योगले बैंकमा २०५६/५७ सम्म समयमै नियमित रुपमा ब्याज बुझाउने क्रममा मात्र २०५६/५७ मा नै उद्योगले रू. ३,९६,११,६०१।५६ ब्याज बुझाउँदा पनि उद्योगको रु. ३३ (तेत्तीस) करोडको स्विकृत सिमा भित्र चलिरहेको कारोबारलाई २०५७/५८ मा बैंकले के कारणले बन्द गरेको बारेमा राष्ट्रिय वाणिज्य बैंकले आजसम्म जवाफ दिन सकेको छैन ।

म उद्योगी स्वयम् नै २०५७/५८ मा नेपाल तयारी पोशाक उद्योग सघंको एवम् एशियन टेक्सटाइल एण्ड गार्मेन्ट काउन्सिलल (ATGC) को अध्यक्षका हैसियतले राष्ट्रको तयारी पोशाक निकासी रु. १८०० करोड (रु. अठार सय करोड) बाट रु. ५००० करोड (रु. पाँच हजार करोड) र प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगार ३ लाख ( तीन लाख ) बाट लगभग १० लाख (दश लाख ) को संख्यामा पुऱ्याउने उद्देश्यमा कार्यरत रहेको बेला तथा विदेशमा नेपालबाट गार्मेन्ट निर्यातको बिस्तार गर्नका लागि नेपाल राष्ट्र बैंकबाट २०५६/५७ मा विदेश (अमेरिका) मा समेत सम्पर्क कार्यालय खोल्ने स्वीकृति प्राप्त गर्ने एक मात्र गार्मेन्ट निर्यातकर्ता रहेको बेला मेरो आफ्नै उद्योगको कारोबारलाई रा. बा. बैंकले षड्यन्त्रपूर्वक बन्द गरिदियो । दोषीको पत्ता लगाई राष्ट्रमा रोजगार डुबाउने, वैदेशिक मुद्रा आर्जन गर्ने उद्योग डुबाउने एवम् राष्ट्रको अर्थतन्त्र डुबाउने माथि कारबाही गर्न सादर विनम्र अनुरोध गर्दछु ।

माननीय अर्थमन्त्रीज्यू बाट सहयोगको आशा राख्दछु ।

निवेदक,

For Mahalaxmi Garments Ind

बृज गोपाल इनाणी

अध्यक्ष

महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिज

संलग्न :

(क) माननीय सभापति ज्यू , व्यवस्थापिका संसद, सार्वजनिक लेखासमिति , नेपाल सरकार / नेपाल राष्ट्र बैंकका माननीय गर्भनरज्यू तथा श्रीमान् अध्यक्ष , रा. बा. बैंकलाई मिति २०६६/०२/०१ मा पठाएको पत्र .................................................. थान (८+१+१)

(ख) माननीय सभापति ज्यू , व्य. सं. सा. लेखा समिति सहितलाई मिति–२०६६/०२/०८ मा पठाएको पत्र................................................................................ थान (२)

(ग) कित्ता नं. २६६, २६७ र २६८ को कर्जा लगानी पूर्व गरेको धितो मूल्याङ्कन **Rs. 7,02,05,973.00** ( रु. सात करोड दुई लाख पाँच हजार नौ सय त्रिहत्तर मात्र ) को कागजात ............................................................................................ थान (१)

(घ) मिति २०६२/०३/१७ लिलाम बोलपत्र आहवान ..........................................थान (१)

(ङ) रा.बा. बैंकबाट मिति २०६२/०५/२२ मा मालपोत कार्यालय कलंकीलाई " नामसारी दाखिला खारिज गरिदिने " भनी पठाएको पत्र ............................................ थान (१)

(च) खरीद कर्तालाई ऋण जारी गरिएको मालपोत कार्यालय कलंकीमा दृष्टिबन्धक गरिएको तमसुक रेजिष्ट्रेशन नं. ३५२७ ...................................................................थान (१)

(छ) मिति २०६२/०६/१६ को बैंकको निर्णय नं. २१/४१ को पत्र ...................... थान (२)

(ज) राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालयले रा. बा. बैंक केन्द्रिय कार्यालयलाई लेखेको मिति २०५८/०५/२९ को पत्र. सं. एल.सी. ३७/१५९ को पत्र ............................थान (४)

झ) धितो विवरण सम्बन्धमा मिति २०५८/१२/०१ को पत्र च नं. ६२६ तथा मिति २०६१/०१/२८ ( 10th May 2004 ) मा रा. बा. बैंकले पेश गरेको **M.O.U** को **P.T. 2.2** को **(g)** ............................................................ थान (४)

ण) मेसिनरी **Statement** र कित्ता नं. २६६, २६७ र २६८ मा रहेको मेसिनरी अवैधानिक तरिकाले कब्जा गरी रा.बा. बैंकबाट निकालिएको मेसिनरी लिलामी सूचना .......थान (२)